# संविधानसभा
## संवैधानिक निकायको संरचना निर्धारण समितिको प्रतिवेदन

मिति २०६५/०९/१० गते बसेको संविधानसभा, संवैधानिक निकायको संरचना निर्धारण समितिको बैठकले उक्त समितिको विस्तृत कार्यतालिका निर्माण गर्न गठित १३ सदस्यीय संवैधानिक निकायको संरचना निर्धारण समितिको विस्तृत कार्यतालिका निर्माण उपसमितिले पेश गरेको प्रतिवेदन माथि व्यापक छलफल पश्चात संशोधन सहित समितिको विस्तृत कार्यतालिका पारित गर्‍यो ।

### संवैधानिक निकायको संरचना निर्धारण समितिको विस्तृत कार्यतालिका
(संविधानसभा नियमावली, २०६५ को नियम ७३ को उपनियम १ को खण्ड (क) सँग सम्बन्धित)

| क्र.सं | मुख्य गतिविधि | कार्य अवधी | समितिले गर्ने कार्य | सचिवालय/सम्बन्धित समितिले गर्ने कार्य |
|---|---|---|---|---|
| १. | सभापतिको निर्वाचन | २०६५।०९।१५ गते भित्र | समितिले सभापतिको निर्वाचन सम्पन्न गर्ने । | संविधानसभा सचिवालयले समितिको लागि सचिवालयको व्यवस्था गरी जनशक्ति लगायत भौतिक साधन र स्रोतको व्यवस्था मिलाउने विशेषज्ञको सम्बन्धमा सचिवालयले आफ्नो दृष्टिकोण समितिमा पेश गर्ने । |
| २. | कार्यतालिका निर्माण | " | ➢ समितिले आफ्नो कार्यक्षेत्र भित्र पर्ने विषय र सो अन्तर्गत सञ्चालन हुने गतिविधि सहितको विस्तृत कार्यतालिका निर्माण गरी अन्तिम रुप दिने ।<br>➢ समितिसँग सम्बन्धित कार्यक्रम र पाठ्य सामाग्रीको सूची तयार गरी क्षमता अभिवृद्धि समितिलाई उपलब्ध गराउने ।<br>➢ समितिको कार्यक्षेत्रसँग सम्बन्धित सन्दर्भ सामाग्रीहरु संकलन, अध्ययन र छलफल गर्ने । | ➢ समितिको कार्यतालिका छपाई गर्ने । |
| .. | नागरिक शिक्षा, तालिम, क्षमता अभिवृद्धि, स्थलगत अध्ययन (स्वदेश तथा विदेश), सेमिनार, गोष्ठी तथा अभिमुखिकरण कार्यक्रमको संचालन | २०६५।९।१६ देखि २०६५।९।२० सम्म | ➢ विभिन्न सार्वजनिक सञ्चारका माध्यम मार्फत् सूचना प्रकाशन एवं प्रसारण गरी आम जनता, नागरिक समाज, विशेषज्ञ एवं बौद्धिक समुदायबाट राय, सुझाव संकलन गर्ने ।<br>➢ संवैधानिक निकायका वर्तमान तथा भूतपूर्व पदाधिकारी एवं कर्मचारी, संवैधानिक कानूनका विशेषज्ञ तथा विभिन्न सरोकारवालाहरुलाई आमन्त्रण गरी समितिमा रहनुभएका मा० सदस्यहरु र समितिमा कार्यरत कर्मचारीहरुको समेत सहभागिता रहने गरी अन्तरक्रिया कार्यक्रम संचालन गर्ने । | ➢ संविधान सभा सचिवालयले उक्त कार्य सम्पन्न गर्न समितिलाई आवश्यक जनशक्ति र आर्थिक एवं भौतिक साधनहरु उपलब्ध गराउने ।<br>➢ विभिन्न तरिकाबाट सुझाव संकलन गर्न सूचना प्रचार प्रसार गर्ने कार्यलाई अवधारणा पत्र लेखन कार्य सम्पन्न नहुन्जेलसम्म निरन्तरता दिने । |
| | | २०६५।९।२० देखि २०६५।९।३० सम्म | ➢ संवैधानिक निकायको परिचय, उद्देश्य, आवश्यकता र औचित्यताका विषयमा पोष्टर, पर्चा, बुकलेट जस्ता जानकारीमुलक पाठ्यसामाग्री तयार गरी प्रकाशन गर्ने । | ➢ नेपाली राजदुतावास रहेका विभिन्न देशहरुमा बसोबास गर्ने आम नेपालीहरुबाट पनि विभिन्न सञ्चारका माध्यम मार्फत् राय सुझाव संकलन गर्ने । |

| क.सं | मुख्य गतिविधि | कार्य अवधी | समितिले गर्ने कार्य | सचिवालय/सम्बन्धित समितिले गर्ने कार्य |
|---|---|---|---|---|
| | | २०६५।१०।०१ देखि २०६५।१०।३० सम्म | ➢ देशमा विद्यमान संवैधानिक निकायहरुको संरचना, महत्व र कार्यप्रणालीको सन्दर्भमा जनमत संकलन गर्ने उद्देश्यले प्रश्नावली तयार पार्ने । ➢ उपरोक्तानुसारका जानकारीमुलक पाठ्यसामाग्रीहरु विभिन्न माध्यमहरु मार्फत् देशभित्र र देश बाहिर रहेका आम नेपाली नागरिक एवं बौद्धिक समुदाय समक्ष पुग्ने गरी वितरण गर्ने । | ➢ विभिन्न देशहरुको नेपाली दुतावासमा सुझाव संकलन पेटीका राख्नको लागि ती देशहरुमा पत्राचार गर्ने र संकलित राय सुझावहरु २०६५/११/१० गते भित्र संविधानसभामा पठाउन अनुरोध गर्ने । |
| | | २०६५।९।२१ देखि २०६५।९।२२ सम्म | संवैधानिक निकायका पदाधिकारी एवं कर्मचारीहरुसंग भएको अन्तरक्रियाबाट प्राप्त जानकारी एवं सुझावहरु संकलन, अध्ययन, छलफल तथा व्यवस्थित गरी अभिलेख राख्ने । | |
| | | २०६५।९।२३ देखि २०६५।१०।०५ सम्म | समितिमा रहेका मा० सदस्यहरुको टोलीहरु गठन गरी संघीय शासन व्यवस्था अवलम्बन गरेका मुलुकहरु जस्तै संयुक्त राज्य अमेरिका, भारत, जर्मनी, दक्षिण अफ्रिका, स्वीट्जरल्याण्ड, रुसी महासंघ र क्यानाडा लगायतका देशहरुमा विद्यमान संवैधानिक निकायको संरचना, कार्यप्रकृति र गठन विधिका सम्बन्धमा विस्तृत स्थलगत अध्ययन अवलोकन भ्रमण गर्ने । | |
| | | २०६५।१०।०६ देखि २०६५।१०।०९ सम्म | संघीय शासन व्यवस्था अवलम्बन गरेका मुलुकहरुबाट प्राप्त जानकारी एवं सुझावहरु संकलन, अध्ययन, छलफल तथा व्यवस्थित गरी अभिलेख राख्ने । | |
| | | २०६५।१०।१० देखि २०६५।१०।२५ सम्म | समितिको कार्यक्षेत्रसँग सम्बन्धित विषयहरुमा राय, सुझाव एवं जनमत संकलन गर्न समितिमा रहनु भएका मा० सदस्यहरुको १४ टोली बनाई जिल्ला सदरमुकाम लगायत अन्य स्थानका जनता, नागरिक समाज, बौद्धिक वर्ग, सरोकारवालाहरुसँग व्यापक अन्तरक्रिया जस्ता कार्यक्रमहरु संचालन गर्ने । | |
| | | २०६५।१०।२६ देखि २०६५।१०।३० सम्म | आम जनता, सम्बन्धित विषयका विशेषज्ञ एवं संवैधानिक निकायका पदाधिकारी एवं कर्मचारीहरु मार्फत् विभिन्न माध्यमहरुबाट प्राप्त भएका राय, सुझावहरुलाई अवधारणा पत्रमा समावेश गर्न प्रारम्भिक तयारी गर्ने । | |
| ४. | प्राप्त राय, सुझाव संकलन, अध्ययन र छलफल | २०६५।९।२० देखि २०६५।११।१५ सम्म | विभिन्न सञ्चार माध्यमहरु मार्फत प्राप्त राय, सुझाव संकलन गरी अध्ययन तथा छलफलका लागि अभिलेखीकरण गर्ने र अवधारणा पत्रमा उपरोक्तानुसार प्राप्त भएका राय, सुझावलाई समाविष्ट गराउने उद्देश्यले प्रारम्भिक तयारी गर्ने । | |

| | मुख्य गतिबिधि | कार्य अवधी | समितिले गर्ने कार्य | सचिवालय/सम्बन्धित समितिले गर्ने कार्य |
|---|---|---|---|---|
| ५. | अवधारणा पत्र तयार | २०६५।११।०१ देखि २०६५।११।१५ सम्म | समितिले विभिन्न सञ्चार माध्यमबाट प्राप्त सुझाव, स्थलगत अध्ययन, सेमिनार, गोष्ठीबाट प्राप्त सुझाव र समिति एवं उपसमितिको छलफलबाट प्राप्त निष्कर्षको आधारमा अवधारणा पत्र तयार गर्ने । | " |
| ६. | संविधानको प्रारम्भिक मस्यौदा तयार र प्रस्तुत | २०६५।११।१६ देखि २०६६।०१।१० सम्म | ➢ अवधारणा पत्रको आधारमा समितिले आफ्नो कार्यक्षेत्र संग सम्बन्धित विषयमा केन्द्रित रहेर प्रारम्भिक मस्यौदा तयार गरी सो को प्रतिवेदन संविधानसभामा पेश गर्ने ।<br>➢ संविधानसभामा आफ्नो समितिको प्रारम्भिक मस्यौदामाथि छलफल हुँदा प्राप्त सुझावहरु टिप्न समितिका कर्मचारीहरु बैठकमा खटिने र सुझाव संकलन तथा बुँदा टिपोट गर्ने । | " |

(यो कार्यतालिका समितिको पहिलो बैठक भएको मिति अर्थात् २०६५ साल पुस १ गतेदेखि २०६६ साल वैशाख १० गतेसम्मको लागि हुनेछ ।)

मा० श्री महालक्ष्मी श्रेष्ठ
संविधानसभा नियमावलीको नियम ७० को
उपनियम ९ बमोजिमको सभापति

संविधान सभा
संवैधानिक निकायको संरचना निर्धारण समिति
२०६५